# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

सिंग्याही खोला-नदीजन्य पदार्थ उत्खनन्/संकलन तथा बिक्री वितरण गरी आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र फारम

# आ.व.२०८२/०८३

**ठेक्का नं.: ०१/आय/ खोला/०८२/०८३**

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

## बोलपत्र अह्वान सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशन मितिः २०८२/१०/२७ (10 february.2026)

स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६२ “क“ र पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८२को दफा १८ (१) र (२) बमोजिम सिंग्याही खोलाको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन एवं ढुवानी गर्ने कार्यको ठेक्का बन्दोबस्तको कार्य खुल्ला ई–विडिङ्ग र हार्डकपी मार्फत गर्नुपर्ने भएकोले ईच्छुक योग्य नेपाली फर्म वा कम्पनीहरुले फर्मको नवकिरण गरिएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लगायत आ.व २०८१/८२ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी देहाय बमोजिमको बोलपत्र प्रकृयामा सहभागि हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | परिमाण | न्यूनतम रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी रकम रु.( विड सेकुरटी ) | बोलपत्र मान्य हुने अवधि | विड सेकुरिटी मान्य हुने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/आय/खोला/ २०८२/०८३ | सिंग्याही खोलाको स्वीकृत घाटबाट नदीजन्य पदार्थ उत्खनन् , संकलन तथा ढुवानी गर्ने कार्य | **५,१३,६९८ घन फिट** | **३०,८२,१८८.००** | ३,००० | कुल कबोल अंकको ५% ले हुन आउने रकम | ९० दिन (बोलपत्र खोलिने मितिदेखि) | १२० दिन (बोलपत्र खोलिने मितिदेखि) |
| | बोलपत्र पेश गर्ने अन्तिम मिति : | | सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिउँसो १२:०० बजे सम्म | | | | | |
| | बोलपत्र खोलिने मिति : | | सूचना प्रकाशन भएको मितिले ८औं दिन दिउँसो १३:०० बजे, पर्सागढी नगरपालिको कार्यालय, हरपुर, पर्सा । | | | | | |
| | बोलपत्र डकुमेंट खरिदको लागि खाता नं.: | | बैंकको नाम : सानिमा बैक, पर्सागढी शाखा, पर्सा | | | | | |
| | | | कार्यालयको नाम : पर्सागढी नगरपालिका, हरपुर,पर्सा | | | | | |
| | | | खाता नं.: ग–१.१ आन्तरिक राजस्व खाता | | | | | |
| | | | कार्यालयको खाता नं.: ०६३०१००४००००००५ | | | | | |
| | धरौटी रकम (विड सेकुरिटी) को लागि खाता नं.: | | बैंकको नाम : सानिमा बैक, पर्सागढी शाखा, पर्सा | | | | | |
| | | | कार्यालयको नाम : पर्सागढी नगरपालिका, हरपुर,पर्सा | | | | | |
| | | | खाता नं.: ग–३ धरौटी खाता | | | | | |
| | | | कार्यालयको खाता नं.: ०६३०१००२००००००३ | | | | | |

१.ठेक्का सम्बन्धी अन्य विस्तृत जानकारी यस कार्यालयमा बोलपत्र सम्बन्धी डकुमेंटबाट वा PPMO website www.bolpatra.gov.np/egp. बाट लिन सकिन्छ ।

२ बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगतै कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

३. बिडर्सले आफ्नो विड डकुमेंट PPMO website www.bolpatra.gov.np/egp को e-GP system मार्फत वा Hard copy मार्फत submit ( दाखिला) गर्नु पर्ने छ ।

४. दाखिला भएको बोलपत्र आंशिक रुपमा वा पूर्ण रुपमा विनाकारण देखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

५.अन्य कुरा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**बोलपत्रको शर्त एवं कार्यविधिहरु**

१. ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८३ साल जेठ मसान्त सम्म कायम हुनेछ ।

२. प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा आदि) उत्खनन्/संकलन गरी बिक्रि गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ र पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट बमोजिम दस्तुर संकलन गर्नुपर्नेछ । नियम विपरित आफु खुशी दररेट कायम गरी दस्तुर असुली गरेको पाइएमा नगरपालिकाले आवश्यक कारवाही गरी ठेक्का बदर समेत गर्न सकिनेछ ।

३. बोलपत्रमा आफुले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशत धरौटी बापतको रकम यस कार्यालयको सानिमा बैंक, पर्सागढी स्थित रहेको धरौटी खाता नं. ०६३०१००२००००००३ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

४. बोलपत्रदाताले कार्यसम्पादन सम्झौता गर्दा राखेको ५% धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता प्रमाण पेश गरे पश्चात वा अन्तिम किस्ताको रकममा हिसाब मिलान गरिनेछ ।

५. ठेक्का कबोल रकम बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७(सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र लिई कबोल अंकको प्रथम किस्ता वापत ४०% ले हुने रकम नगदै बुझाई बाँकी रहेको दोस्रो, तेस्रो किस्ता वापतको ६०% ले हुन रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८३ अषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बै.क ग्यारेन्टी ( परफरमेंस वण्ड) समेत पेश गरेपछि मात्र सम्झौता गरिनेछ । बाँकी रहेको रमक मध्ये दोस्रो किस्तावापत ३०% ले हुन आउने रकम चैत्र मसान्त भित्र र तेस्रो तथा अन्तिम किस्ता बापतको ३०% ले हुन आउने रकम २०८३ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

६. ठेक्का स्वीकृत भई सकेपछि ठेकेदारले ठेक्का सकार अंकको एकमुष्ठ रकम दाखिला गरेमा न्युनतम ठेक्का अंक बाहेको रमकमा बढीमा १०% रकम छुट दिन सकिनेछ । ठेक्का सञ्चालन गर्दा बन्द, हडताल वा अन्य कुनै दैवी प्रकोप देखाई किस्ता रकम मिनाहा माग्न पाईने छैन/दिइने छैन ।

७. ठेक्का स्वीकृत कबोल अंकको मुल्य अभिवृद्धि कर समेत किस्ता रकममा थप गरी दाखिला गर्नु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्ने छ ।

८. यस कार्यालयको वा सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्णयबाट कालो सूचिमा परेका फर्म वा कम्पनी यो ठेक्का प्रकृयामा भाग लिन पाइने छैन ।

९. बोलपत्र खुल्ने दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ । निर्धारित समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

१०. तोकिएको समयावधि भित्र परेका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार पर्सागढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

११. नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, रोडा) उत्खनन्/संकलनमा एक्साभेटर, डोजर जस्ता ठुला उपकरण प्रयोग गर्न पाईने छैन ।

१२. नदीजन्य पदार्थ परिमाणमा अधारति रहेको हुँदा तोकिएको समय सिमा वा तोकिएको परिमाण मध्ये जुन पहिले आउन जान्छ सो लाई गणना गरी उत्खनन् कार्य बन्द गर्नु पर्नेछ ।

१३. नगदी रसिद प्रयोग गर्दा पर्सागढी नगरपालिका अन्तर्गत राजश्व व्यवस्थापन शाखामा अभिलेख तयार गरी कार्यालयको छाप लगाई मात्र प्रयोग गर्नु पर्नेछ । महिना भुक्तान भएपछि अघिल्लो महिनाको ०७ गते भित्र ढुङ्गा, गिटी, बालुवा, रोडा उत्खनन्/संकलन ओसार-पसारको मासिक प्रगति प्रतिवेदन excel sheet मा तयार गरी नगदी रसिदको अर्धकट्टी सहित अनिवार्य रुपमा यस कार्यालयको राजस्व व्यवस्थापन शाखामा बुझाउनु पर्नेछ ।

१४. विशेष गरी बालुवा, ढुङ्गा, ग्राभेल आदी उत्खनन् गर्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी र भु-बनौट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरी संकलन गर्ने बन्दोबस्त ठेकदार स्वयम्ले मिलाउनु पर्नेछ । वातावरण सन्तुलन वा भु-उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुन्जको निषेधित वन सिमाना भित्रबाट ढुङ्गा, गिटी, बालुवा, रोडा सम्झौता विपरित उत्खनन्/संकलन गर्न पाउने छैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्बन्धि कानुनको पालना गर्नु पर्ने ठेकेदारको कर्तव्य हुनेछ ।

१५. ठेकेदारले जिल्ला अनुगमन समितिले दिएको निर्देशन र तयार गरेको पर्सा जिल्लाको नदीक्षेत्रबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा) उत्खनन्, संकलन सम्बन्धी नियमन कार्यविधिमा उल्लेख भएको शर्तहरुको अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

१६. ठेकेदारले संकलन कार्य शुरु गर्नुभन्दा पहिले अनिवार्य रुपमा सम्बन्धित सबै सरोकारवालाको रोहबरमा संकलन क्षेत्रको सिमांकन गरी खन्ने कार्यको बेन्चमार्क गर्नुपर्ने साथै उत्खनन् स्थलको शुरु र अन्तिम बिन्दुमा होर्डिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१७. ठेकदारले जिल्ला अनुगमन तथा समन्वय समितिले दिएको निर्देशन र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), २०८२ को प्रतिवेदनमा उल्लेख भएको शर्तहरुको अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

१८. यो बोलपत्रमा उल्लेख भएको हकमा यसै बमोजिम र उल्लेख नभएका बुदाँहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०८२, पर्सागढी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ तथा प्रचलित कानुन अनुसार हुनेछ । उक्त ऐन/नियमावलीहरु संशोधन भएमा सोही अनुसार हुनेछ ।

१९. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाउने परिमाण **५,१३,६९८घन फिट** हुनेछ ।

२०. पर्सागढी नगरपालिका वडा नं. १ कोइलाभार स्थित सिंग्याही खोला अन्तर्गत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएका क्षेत्रहरुबाट मात्र उत्खनन्/संकलन गर्नुपर्नेछ ।

२१. नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्य सूर्योदयदेखि सूर्यास्तसम्मको समयमा मात्र गर्नुपर्ने छ।

२२. नदीजन्य पदार्थ उत्खनन् पश्चात् ढुवानी गर्दा त्रिपालले छोपेर मात्र ढुवानी गर्नु पर्नेछ ।

२३. उपरोक्त लेखिएको शर्तहरुको बन्देजमा रही मैले कबोल गरी पेश गरेको अंक मु.अ. कर वाहेक रु. .................................. अक्षेरुपी रु. ........................................................................ मात्र ।

ठेक्का स्वीकृत लिन मञ्जुरी छ भनि बोलपत्रदाताको सही छाप :-

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा ।

# BOQ

ठेक्का नं:०१/आय/खोला/२०८२/०८३
ठेक्काको नाम : सिंग्याही खोलाको स्वीकृत घाटबाट नदीजन्य पदार्थ उत्खनन् , संकलन तथा ढुवानी गर्ने कार्य

| उत्खनन् गर्न मिलने कुल परिमाण | न्यूनतम् ठेक्का रमक ( मु.अ.कर वाहेक) | कबोल अंक मु.अ. कर वाहेक | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| **५,१३,६९८ घन फिट** | **३०,८२,१८८.००** | | | |

बोलपत्रदाताको नाम :

ठेगाना

मोबाईल नं.:

ईमेल नं :

हस्ताक्षर

फर्मको छाप